# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।१० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०५।१० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गंगाप्रसाद यादव, सुनिताकुमारी यादव, लालुप्रसाद अग्रवाल र अशोककुमार अग्रवाल (वि.अ. को मु.नं. ०७५-CR-००१२), वि.अ. को फैसला मिति २०८०।०१।१३) | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | प्र. **गंगाप्रसाद यादव र सुनिताकुमारी यादव,** बिगो रु.९७,०२,७८४.२८ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को प्राबधान बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो असुलउपर हुन साथै **अशोक कुमार अग्रवाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपउफा (४) बमोजिमको कसुरमा बिगो रु.७,५१,१४३.६० कायम गरी निजउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा बमोजिम बिगोसमेत जफत हुन मागदाबी लिइएको र **लालु प्रसाद** | **फैसलाः**<br>विशेष अदालतबाट निज प्रतिवादीहरुलाई आरोपदावी कसुरबाट सफाई पाउने गरी फैसला भएको।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>आ.व २०७५/०७६ मा खरीद भएको सबै सोना मन्सुली धान कुटानी भइसकेको र कुटानीको भुक्तानी भइसकेको अवस्थामा आ.व. २०७५/०७६ मा खरीद गरेको धान गोदाममा बाँकी रहने स्थिति नै देखिदैन। तर पनि आरोपदावीमा SAMPLE NO TCP/LHN/RSMP/04 भएको २४.८ क्वीन्टल धान गुणस्तर फेल भएको भनी आरोप लगाईएको।आ.व २०७५/०७६ को धान खरिद व्यवस्था निर्देशिकाको दफा ९ मा खरिद हुने धानको ५००/५०० क्वीन्टल धानको गुणस्तर रिपोर्ट तयार गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ। धानको स्याम्पल नं. ०४ को परीक्षण २४.८ क्वीन्टलको भएको देखिन्छ। उक्त नमूना परीक्षण धान खरिद व्यवस्था निर्देशिका अनुरुप भएको भन्ने देखिदैन। आरोपदावीमा SAMPLE NO TCP/LHN/RSMP/15 ४२० के.जी धानको स्याम्पल पनि गुणस्तरहीन देखिन्छ।मिसिल संलग्न धानको परीक्षण प्रतिवेदनको SAMPLE NO TCP/LHN/RSMP/15 हेर्दा धानको परिमाण १००० क्वीन्टल भन्ने देखिन्छ र परीक्षण प्रतिवेदनमा " The sample meets the quality standard of NFC(paddy)" भनी उल्लेख भएको देखिंदा मिसिल संलग्न स्याम्पल नं. १५ को परीक्षण प्रतिवेदन आरोपदावीको व्यहोरा एकापसमा मिलेभिडेको देखिन आएन।परीक्षण नगरीएको धान गोदाममा भेटिएको अवस्थामा पनि प्रतिवादीहरुले जानीजानी वदनियत राखी परीक्षण नगरी गोदाममा राखेको भए स्टोरकिपर समेतलाई अनुसन्धानको क्रममा बुझ्नु पर्ने र निजलाई समेत प्रतिवादी बनाउनु पर्नेमा स्टोरकिपरलाई बुझेको र प्रतिवादी बनाएको देखिदैन। प्रतिवादीहरुले वदनियत राखी धानको परीक्षण नगराई गोदाममा राखेको भन्ने | प्रतिवादीहरु गंगाप्रसाद साह र सुनितादेवी कुमारी यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज)को कसूरमा आरोपपत्र आउनु पर्नेमा ऐ.ऐनको दफा १७ अनुसारको कसूरको मागदावी लिई आरोप पत्र पेश गरिएको भन्ने विशेष अदालतको निर्णयाधारको सम्बन्धमा दफा १७ को कसूर प्रस्तुत वारदातसँग मिल्ने अवस्थाको देखिदा उक्त दफा १७ को अभियोग लगाइएको देखिन्छ। एउटै ऐन अन्तर्गतको एउटा दफाको अभियोग रहेकोमा सो भन्दा अर्कै दफा आकर्शित हुने अवस्थामा आरोपदावी भन्दा कम सजाय हुने दफा आकर्शित हुने भन्ने अदालतलाई लागेमा अर्को दफा अनुसार अदालतले सजाय गर्न सक्ने नै अवस्था रहँदा रहँदै अभियुक्तहरुले सफाई पाउने आधार नै एउटा दफा लगाउनु पर्नेमा अर्को दफा लगाएको भन्ने आधार ग्रहण गरेको फैसला त्रुटीपुर्ण रहेको। आ.व. २०७५/०७६ मा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड साविक नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, खरिद विभागले जारी गरेको धानको खरिद व्यवस्था निर्देशिकाको समर्थन मूल्य रु.२४६०।५७ अनुसार सोना मन्सुली धान खाद्य व्यबस्था तथा व्यापार कम्पनी लिमिटेड, मुख्य शाखा कार्यालय, लाहानले आफूलाई प्राप्त खरिद कोटा ७०,००० क्विन्टल मध्ये ६९,९९५.३२ क्विन्टल सोना मन्सुली धान खरिद गरी रु.१७,२२,२८,३४५.३२ भुक्तानी गरेको देखिन्छ ।खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड अञ्चल कार्यालय लाहानले गिरधारी खाद्य उद्योग कल्याणपुर ससरी,महेश्वरी खाद्य उद्योग ईटहर्वा-५ सिरहा, जयँमा धामिनी लघु उद्योग गोलबजार र निलकमल सेलर मिल धनगढी-१० लहानसँग क्रमशः मिति २०७५/०९/१२ गते,२०७५/०९/१८ गते,मिति २०७५/०९/०९ र मिति २०७५/०९/०९ गते धान कुटान सम्झौता गरेको।कुटान गरिएको धान प्रति क्विन्टल रु.२२१ मा कुटानी पश्चात चामलको प्राप्ती ६४.५% अनुसार गिरिधारी खाद्य उद्योग कल्याणपुरवाट १७,४९९.७७ क्विन्टल, निलकमल सोलार मिलबाट ८,०६४.७४ क्विन्टल र जयमा धामिनी उद्योग गोलबजारबाट १२,२१५.११ क्विन्टल र महेश्वरी खाद्य उद्योगबाट ७,३६७.४० क्विन्टल गरी जम्मा ४५,१४७.०२/- क्विन्टल सोना मन्सुली चामल प्राप्त भएको र २०७६ असार मसान्त सम्ममा २३०९७.६३ क्विन्टल चामल चलान तथा विक्री गरी २२०४९.३९ क्विन्टल चामल बाँकी रहेको भन्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनी किमिटेड मुख्य शाखा कार्यालय, लहानको मिति २०७७/०९/१०, च.नं. १८९ को पत्रबाट देखिएको।खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेष प्रधान कार्यालय खरिद बिभाग को च.नं. ०४ मिति २०७८/०४/१२ को पत्र अनुसार ६८९६६.३२ क्वीन्टल सोना मंसुली धान र ४३६४२.८२ क्वीन्टल सोना मंसुली चामलको गुणस्तर परीक्षण प्रतिवेदनको रेकर्ड रहेको भनी पत्रचार भएको देखिएबाट ६९९९५.९८ क्वीनटल धानको गुणस्तर परीक्षण भएको हुनु पर्नेमा ६८९६६.३२ क्वीन्टल धानको मात्र गुणस्तर परीक्षण भएको देखिदा (६९९९५.३२-६८९६६.३२=१०२९) १०२९ क्वीन्टल धानको गुणस्तर परीक्षण गरेको देखिदैन जस मध्ये (SAMPLE NO TCP/LHN/RSMP/4 २४.९क्वीन्टल + SAMPLE NO TCP/LHN/RSMP/9 ४२० के.जी) २५.२२ क्वीन्टल धानको गुणस्तर रिजेक्ट भएको देखिंदा उक्त (१०२९-२५.२२=१००३.७८) १००३.७८ क्वीन्टल र २५.२२ क्वीन्टल धान गरी जम्मा १०२९ क्वीन्टल धान गुणस्तर परीक्षण बिना खरिद भएको पुष्टी हुन्छ।आ.ब. २०७५/२०७६ मा खरिद हुने धानको खरिद व्यवस्था निर्देशिका को बुदाँ न. ९ मा "गुणस्तरहीन धान खरिद गरेमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **अग्रवाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपउफा (४) बमोजिमको कसुरमा बिगो रु.५८,७५,६१२.१६ कायम गरी निजउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी सोही दफा बमोजिम बिगोसमेत जफत हुन मागदाबी लिइएको। | आरोपदावी समेत रहेको देखिदैन। परीक्षण नगरिएको धान परीक्षण गर्दा गुणस्तर युक्त वा गुणस्तरहीन दुवै देखिन सक्ने स्थितीमा परीक्षण नगरीएको धान पनि गुणस्तरहिन नै थियो भन्ने अनुमान र अड्कलका आधारमा आरोपदावी लगाएको देखिन्छ। प्रतिवादी गंगाप्रसाद साह र सुनिता कुमारी यादवले कम गुणस्तरको धान खरिद गरेको भए प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को देहाय (१) को(ञ) को मालसामान खरिद गर्दा गुणस्तरहिन खरिद गरेको भन्ने आरोपदावी लगाउनु पर्नेमा लगाएको देखिदैन। खरीद भएको कम गुणस्तर भनिएको धान चामल विभिन्न कार्यालयहरुमा चलान भई बिक्री भई सकेको एवं चामल सडरे नोक्सान नभएको भन्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालयको पत्रबाट देखिएको अवस्थामा आरोपदावी बमोजिम नेपाल सरकार र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई हानी नोक्सानी भएको नदेखिएको भन्ने आधारमा फैसला गरेको देखिन्छ। | सम्बन्धित कर्मचारी जवाफदेहीता हुनेछ।" भनी स्पष्ट रुपमा उल्लेख गरेको अवस्थामा बरिष्ठ गुण निरीक्षक सहायकको रुपमा कार्यरत सुस्मिता घिमिरेले आ.ब.०७५/७६ मा खरिद गरिएको ६९,९९५.३२ क्विन्टल सोना मन्सुली धानको गुणस्तर परीक्षणमा गर्दा आ.ब.०७५/७६ मा खरिद गरेको धानको रिपोर्ट नं SAMPLE NO TCP/LHN/RSMP/4 र SAMPLE NO TCP/LHN/RSMP/9 को २४.९ क्वीन्टल र ४२० के.जी गरी जम्मा २५.२२ क्विन्टल धान निम्न गुणस्तरको र quality specification भन्दा फरक आएको हुनाले Reject गरिएको। गुणस्तर प्रतिवेदन बिना १००३.७८ र Reject गरिएको २५.२२ क्वीन्टल धान गरी जम्मा १०२९ क्विन्टल धान कसरी खरिद भएकोमा म अनविज्ञ भएको र भुक्तानी एवं आर्थिक कारोबारको बारेमा मलाई खासै थाहा नभएको, गुणस्तर रिपोर्ट खरिद गर्दा अनिवार्य आवश्यक हुने हुनाले भुक्तानी दिन नमिल्ने हो भनी कागज गरेको तथा सो व्यहोरालाई अदालत समक्ष वकपत्र गरी पुष्टी समेत गरेको देखिएको। यसरी गुणस्तर परीक्षण विना खरिद गरिएको उक्त १०२९ क्वीन्टल सोना मंसुली धानको प्रति क्वीन्टल रु २४६०.५०/- का दरले हुने जम्मा रकम रु २५,३१,९२६.५२/- भुक्तानी भएको। कुटानी बाट प्राप्त सोना मन्सुली चामलको कन्ट्रोल क्वालिटि रिपोर्टमा SAMPLE NO TCP/LHN/RSMR/64 को निलकमल सेलर मिलबाट प्राप्त १८० क्वीन्टल एवं SAMPLE NO TCP/LHN/RSMR/104 र SAMPLE NO TCP/LHN/RSMR/105 नं. गरी १४०८ क्विन्टल गिरीधारी खाद्य उद्योगबाट प्राप्त चामलको गुणस्तर फेल भएको भन्ने चामलको परिक्षण रिर्पोट तथा बरिष्ठ गुण निरिक्षक सहायक सुस्मिता घिमिरेको कागजबाट देखिएको तथा निजले अदालत समक्ष उपस्थित भई सो व्यहोरालाई वकपत्रबाट समेत पुष्टाई गरेको अवस्थामा निलकमल सेलर मिलबाट प्राप्ती चामलमध्ये गुणस्तर फेल भएको १८० क्विन्टल चामलको तत्कालीन समर्थन मूल्य रु.४१७३.०२ प्रति क्विन्टलका दरले हुन आउने जम्मा रु.७,५१,१४३.६० (अक्षेरुपी सात लाख एकाउन्न हजार एक सय त्रिचालिस रुपैयाँ साठी पैसा) र गिरधारी खाद्य उद्योगबाट प्राप्त चामलमध्ये गुणस्तर फेल भएको १४०८ क्विन्टल चामलको तत्कालीन समर्थन मूल्य रु.४१७३.०२ प्रति क्विन्टलका दरले हुन आउने जम्मा रु.५८,७५,६१२.१६ (अक्षेरुपी अन्ठाउन्न लाख पचहत्तर हजार छ सय बाह रुपैयाँ सोह पैसा) गरी दुवै निकायबाट प्राप्त गुणस्तर फेल भएको चामलको जम्मा मुल्य रु ६६,२६,७५५.७६/- (छैसट्ठी लाख छब्बिस हजार सात सय पच्पन्न रुपैयाँ छहेत्तर पैसा) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मुख्य शाखा, साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा, कार्यालय लाहान, सिरहाबाट भुक्तानी लिई सरकारी रकमको हानिनोक्सानी पुऱ्याएको देखिएको। यसरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मुख्य शाखा कार्यालय साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा कार्यालय, लाहान, सिरहाले आ.ब. २०७५/०७६ मा खरिद हुने धानको खरिद व्यबस्था निर्देशिका विपरित गुणस्तर फेल भएको २५.२२ क्विन्टल धान र गुणस्तर परीक्षण बिना खरिद गरेको १००३.७८ क्विन्टल धानको समेत गरी प्रति क्विन्टल धानको समर्थन मूल्य रु.२४६०.५७ को दरमा रु.२५,३१,९२६.५२/- भुक्तानी दिएको र कुटानीबाट प्राप्त चामलमध्ये गुणस्तर परीक्षण फेल भएको १५८८ क्विन्टल चामलको तत्कालीन मूल्य रु.४१७३.०२ प्रति क्विन्टलका दरले रु.६६,२६,७५५.७६/- गुणस्तरहीन चामल आम्दानी दाखिला गरी भुक्तानी दिएको देखिएको । यसैगरी १५८८ क्विन्टल गुणस्तरहीन चामलको ६४.५% रिकभरी अनुसार हुन आउने २४६२ क्विन्टल धानको कुटानी ज्याला रु.२२१ प्रति क्विन्टलका दरले रु.५,४४,१०२ समेतको भुक्तानी गर्दा जम्मा रु.९७,०२,७८४.२८ (अक्षेरुपी सन्तानव्बे लाख दुई हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सात सय चौरासी रुपिया अठ्ठाइस पैसा) आ.ब. २०७५/०७६ मा खरिद हुने धानको खरिद व्यबस्था निर्देशिका बिपरीत भुक्तानी दिई सरकारी रकमको हानिनोक्सानी पुऱ्याएको देखिंदा प्रतिवादी गंगाप्रसाद साह र सुनिता कुमारी यादवले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको भएको। चामल कुटानी गरी दिने दुई जना प्रतिवादीहरुको सम्बन्धमाः निलकमल सेलर मिलबाट प्राप्त चामलमध्ये गुणस्तर फेल भएको १८० क्विन्टल चामलको तत्कालीन समर्थन मूल्य रु.४१७३.०२ प्रति क्विन्टलका दरले हुन आउने जम्मा रु.७,५१,१४३.६० (अक्षेरुपी सात लाख एकाउन्न हजार एक सय त्रिचालिस रुपैयाँ साठी पैसा) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मुख्य शाखा साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा कार्यालय, लाहान, सिरहाबाट भुक्तानी लिई सरकारी रकमको हानिनोक्सानी पुऱ्याएको देखिएको साथै, गिरधारी खाद्य उद्योगबाट प्राप्त चामलमध्ये गुणस्तर फेल भएको १४०८ क्विन्टल चामलको तत्कालीन समर्थन मूल्य रु.४१७३.०२ प्रति क्विन्टलका दरले हुन आउने जम्मा रु.५८,७५,६१२.१६ (अक्षेरुपी अन्ठाउन्न लाख पचहत्तर हजार छ सय बाह्र रुपैयाँ सोह्र पैसा) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मुख्य शाखा, साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा, कार्यालय लाहान, सिरहाबाट भुक्तानी लिई सरकारी रकमको हानिनोक्सानी पुऱ्याएको पुष्टी भएको। भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानी मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै, प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको देखिएको। |